# पञ्च कार्यकर्ता[redacted]हरू

को

# आचरण

# स

# म्ब

# न्धी

# नियमहरू

प्रकाशकः
गाउँफर्क राष्ट्रिय अभियान
केन्द्रीय कार्यालय

321.6

## राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरण सम्बन्धी उजुरी हेर्ने आयोगको कार्यविधि नियमहरू २०२६ र पहिलो संशोधन २०३० सहित।

श्री ५ महाराजाधिराज बीरेन्द्र बीर बिक्रम शाहदेवबाट नेपालको सम्बिधानको धारा ३८ (२. क.) अनुसार देहायका नियमहरू बनाई बक्सेको छ !

१. *संक्षिप्त नाम र प्रारम्भः—*

१) यी नियमहरूको नाम राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरण सम्बन्धी उजुरी हेर्ने आयोगको कार्यबिधि नियमहरू २०२६ रहेको छ।

२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. *परिभाषाः—*

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमहरूमाः—

क) सदस्य भन्नाले राष्ट्रिय पंचायतका अध्यक्ष, उपाध्यक्ष, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री समेतलाई जनाउँछ।

ख) आयोग भन्नाले नेपालको संविधानको धारा ३८ (२) अनुसार श्री ५ बाट गठन गरिबक्सेको आयोग सम्झनु पर्छ ।

'ग) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(पहिलो संशोधन २०३०)

३. *आचरण सम्बन्धी उजुरी:—*

१) कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको भनि उजुरी गर्ने व्यक्तिले थाहा भए सम्मको व्यहोरा खुलाई यस्तो उजुरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिमा पठाउनु पर्छ ।

२) यस्तो उजुरी परेपछि सचिवले तथ्य सङ्कलन गरी गाउँ फर्क राष्ट्रिय अभियान समितिमा पेश गर्नेछ ।

३) गाउँ फर्क राष्ट्रिय अभियान, केन्द्रीय समितिको कारवाही चलाउने निर्णय भएमा सचिवले सो उजुरी आयोगमा पेश गर्नेछ ।

४) कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको भनि कुनै व्यक्तिले उजुरी नगरे पनि गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले कार्यको मूल्याङ्कनबाट पनि कुनै सदस्यले पद

अनुसारको आचरण गरेको छैन भनी ठहराई कार· वाही चलाउन निर्णय गरेमा सचिवले सो व्यहोरा आयोगमा पेश गर्न सक्ने छ र आयोगले व्यक्तिगत उजुरी सरहनै त्यसमा कारवाही गर्नेछ।

५) उजुरी गर्ने व्यक्तिको नाम गोप्य राखिने छ र उजुरी झुट्ठा ठहरेमा त्यस्ता व्यक्तिको गोप्य रेकर्ड राखिने छ ।

४. आयोगको कार्यविधि:—

१) आयोगमा उजुरीहरू किनारा लगाउन आयोगले देहाय बमोजिम कार्यविधि अपनाउने छ।

क) कुनै उजुरीको सम्बन्धमा छानबिन गरी आवश्यक भए सम्बन्धित सदस्यलाई समेत बुझी उजुरी तथ्य हीन देखिन आएमा तामेलीमा राख्न सक्नेछ।

ख) खण्ड (क) अनुसार छानविन गर्दा कुनै उजुरी तथ्य युक्त देखिन आएमा सम्बन्धित सदस्यलाई लगाइएका आरोपहरू स्पष्ट खोली बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र आफ्नो सफाई प्रस्तुत गर्ने सूचना दिनेछ र आयोगले मनासिब ठहरायमा थप म्याद पनि दिन सक्नेछ ।

ग) खण्ड (ख) अनुसार दिइएको म्याद भित्र सम्बन्धित सदस्यबाट आफ्नो सफाइको निमित्त प्रस्तुत हुन आएको सबुद प्रमाण र व्यक्तिबाट सङ्कलन हुन आएका सबुद प्रमाण समेतबाट उजुरी प्रमाणित हुन आएमा आयोगले सम्बन्धित सदस्यका सम्बन्धमा आफ्नो पद अनुसारको आचरण गरेको छैन भन्ने ठहरेको प्रतिबेदन श्री ५ मा पेश गर्नेछ।

२) आयोगको ठहर सदस्यहरूको बहुमतद्वारा हुनेछ र आयोगको सबै सदस्यहरू उपस्थित नभै आयोगको बैठक हुने छैन।

(पहिलो संशोधन २०३०)

३) गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सचिवले आयोगको सचिव भै काम गर्नेछ र आयोगको बैठक साधारण तया गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको कार्यालयमा बस्नेछ।

५ *आयोगको अधिकार:—*

१) विचाराधिन रहेको उजुरीको सम्बन्धमा आयोगले वा आयोगले खटाएको व्यक्ति जुनसुकै सरकारी अड्डा अदालत, सरकारी कार्यालय, पञ्चायत र बर्गीय तथा व्यवसायिक संगठनका कार्यालय एवं सदस्य तथा पदाधिकारीलाई बुझन सक्नेछ र आवश्यक परेमा उजुरीसंग सम्बन्धित जुनसुकै कागजपत्र वा लिखित हेर्न वा मगाउन सक्नेछ।

२) आरोप लागेको व्यक्तिलाई आयोग समक्ष उपस्थित गराइने, बयान गराउने, साक्षी प्रमाण बुझ्ने र लिखत दाखिल गराउने सम्बन्धमा आयोगलाई अदालतलाई भए सरहको सबै अधिकार प्राप्त हुनेछ ।

३) आयोगले आफ्नो अपहेलनामा कारवाही चलाउन सक्ने छ र अपहेलना गरेको ठहरायमा बढीमा रू. ५००।- सम्म जरीवाना-गर्ने गरी आदेश दिन सक्नेछ । त्यस्तो कुनै आदेश उपर कुनै अदालतमा उजुरी वा पुनरावेदन लाग्न सक्ने छैन।

—★—

# वर्गीय संगठनका केन्द्रीय कार्य समितिका सदस्यहरूको आचरण सम्बन्धी नियमहरू, २०२४

## (२०२६ संशोधन र दोश्रो संशोधन २०३०) सहित

वर्गीय संगठनका केन्द्रीय कार्य समितिका सदस्यहरूको आचरण व्यवस्थित गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको सम्विधानको धारा ६७ ग० को उपधारा (२) को खण्ड (क) बमोजिम राज सभासंग परामर्श गरी बक्सी यी नियमहरू बनाई बक्सेको छ।

१) संक्षिप्त नाम र प्रारम्भः—

यी नियमहरूको नाम वर्गीय संगठनको केन्द्रीय कार्य समितिका सदस्यहरूको आचरण संहिता, २०२४ रहेको छ।

२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ।

२) परिभाषाः—

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा—

क) "वर्गीय संगठन" भन्नाले वर्गीय संगठन तथा व्यवसायिक संगठनलाई जनाउँछ।

ख) "सदस्य" भन्नाले वर्गीय तथा व्यवसायिक संगठनका केन्द्रीय कार्य समितिका सभापति र उप-सभापति समेतलाई जनाउँछ।

## ३) नियमहरुको पालना:—

१) प्रत्येक सदस्यहरूले यी नियमहरुको पालना गर्नु पर्छ।

२) कुनै सदस्यले यी नियमहरूमा लेखिएका कुनै कुराको प्रतिकूल आचरण गरेमा निजले आफ्नो पद अनुसारको आचरण नगरेको मानिने छ।

## ४) पञ्चायती प्रणालीका मूलभूत सिद्धान्तको विपरित काम गर्न नहुने:—

नेपालको संविधानमा उल्लेखित पञ्चायत प्रणाली र वर्गीय तथा व्यवसायिक संगठनका मुल सिद्धान्तको विपरित हुने कुनै किसिमको आचरण गर्न गराउन वा गर्न प्रोत्साहन गर्न हुदैन।

## ५) राष्ट्रिय दृष्टिकोणको प्रतिकूल काम गर्न नहुने:—

प्रत्येक वर्गीय तथा व्यवसायिक संगठनमा प्रत्येक सदस्यले आ-आफ्नो वर्ग तथा व्यवसायिकको वास्तविक हितको बारेमा आइ पर्ने समस्याहरूलाई बोध गरी गराई

यसलाई राष्ट्रिय दृष्टिकोणले समाधान हुने कार्यको प्रतिकूल कुनै आचरण गर्न हुँदैन ।

### ६) आपसमा गुट वन्दी गर्न नहुनेः—

व्यवस्थाको प्रगतिमा वाधा उत्पन्न हुने कुनै किसिमको कुनै सदस्यले आपसमा गुट बन्दी वा गतिविधी गर्न वा गराउन हुँदैन ।

### ७) अनुचित लाभ उठाउन नहुनेः—

प्रत्येक सदस्यले आफ्नो पदको प्रभाव देखाई वा अन्य कुनै अनुचित ढंगले वा प्रलोभन दिएर अनुचित लाभ उठाउन हुँदैन ।

### ८) संगठनलाई सक्रिय बनाउने कार्यमा दत्तचित्त हुनु पर्नेः—

आफ्ना सबै तल्ला तहका संगठनलाई बराबर निर्देशन, प्रोत्साहन र हुन सक्ने सहयोग सुविधा जुटाई सजग र सक्रिय बनाउने कार्यमा प्रत्येक सदस्य दत्तचित्तरहनु पर्दछ र त्यसको विपरित जान हुँदैन ।

### ९) अनुदान वा अरु साधनको दुरुपयोग गर्न नहुनेः-

प्रत्येक सदस्यले संगठनले प्राप्त गरेको अनुदान तथा अन्य साधनको दुरुपयोग गर्न वा गराउन हुँदैन ।

१०] विभिन्न तहका पञ्चायतहरूलाई सहयोग गर्ने कार्यको प्रतिकूल काम गर्न नहुने:—

प्रत्येक सदस्यले व्यापक राष्ट्रिय दृष्टिकोणले अन्य संगठनहरू, विभिन्न तहका पञ्चायतहरूसंग सामञ्जस्य ल्याई सहयोग गर्ने कार्यको प्रतिकूल आचरण गर्न हुँदैन ।

११] "गाउँ फर्क" अन्तरगत गर्नु पर्ने काम अनिवार्य रुपले गर्नु पर्ने:—

"गाउँ फर्क" कार्यक्रम अन्तरगत अनिवार्य रुपले गर्नु पर्ने भनि तोकिएको काम प्रत्येक सदस्यले गर्नु पर्दछ ।

१२] संहिता सम्बन्धी उजुरी हेर्ने ब्यवस्था:—

[दोश्रो संशोधन २०३०]

१) वर्गीय संगठनका केन्द्रीय कार्य समितिका सदस्यहरूले संहितानुसार गर्नु पर्ने आचरण गरेको छैन भन्ने उजुरी देहाएका आयोग र समितिले हेर्नेछ ।

क) केन्द्रीय सभापति उपरको उजुरी राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरण सम्बन्धी उजुरी हेर्ने आयोग ।

ख) सभापति बाहेक केन्द्रीय समितिका अन्य कुनै सदस्य उपरको उजुरी गाउँ–फर्क राष्ट्रिय अभियान केन्द्रीय समितिमा ।

२) उप-नियम (१) को खण्ड (क) बमोजिम उजुरी सम्बन्धी कार्यवाहि राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरण सम्बन्धी उजुरी हेर्ने आयोगको कार्यविधि नियमहरू २०२६ बमोजिम हुनेछ र यसरी कारवाई भई संहिता बमोजिम आचरण गरेको छैन भनी आयोगले ठहराएको प्रतिवेदन श्री ५ महाराजाधिराजबाट स्वीकृति गरी बक्सेमा वर्गीय संगठनका केन्द्रीय कार्य समितिका त्यस्ता सदस्य निस्काशित भएको मानिनेछ र त्यसरी निस्काशित भएपछि निजको स्थान स्वतः रिक्त हुनेछ ।

३) उप-नियम (१) को खण्ड (ख) बमोजिम समितिले आफ्नो आन्तरीक कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछन् ।

४) यो नियमानुसार कारवाई भई संहिता बमोजिम आचरण नगरेको ठहरिएमा सो सदस्यलाई पाँच वर्षसम्म पञ्चायत, वर्गीय एवं व्यवसायिक संगठनको कुनै पनि निकायको चुनाउ-लड्न नपाउने गरी सो पदबाट निस्काशित गर्न सकिनेछ । त्यसरी निस्काशित भएपछि निजको स्थान स्वतः रिक्त हुनेछ ।

# अञ्चल, जिल्ला, नगर र गाउँ तहका पंचायतका सद्स्यहरूको आचरण सम्बन्धि नियमहरू २०२४

## अंचल, जिल्ला, नगर र गाउँ पंचायतको सदस्यहरूको आचरण नियमहरू २०२४

नेपालको संविधानको धारा ६७ 'ग' को उप-धारा(२) को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी रा. पं. ले देहाय बमोजिम नियमहरू बनाएको छ।

१) संक्षिप्त नाम र प्रारम्भः—

१) यी नियमहरूको नाम अंचल सभाका सभापति, उप-सभापति र जिल्ला, नगर र गाउँ पंचायतका सदस्यहरूको आचरण सम्बन्धी नियमहरू २०२४ रहेको छ।

२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२) परिभाषाः—

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा

सदस्य भन्नाले नगर तथा गाउँ पंचायतका प्रधानपंच, उप-प्रधानपंच एवं सदस्य जिल्ला पंचायतका सभापति, उप-सभापति, एवं सदस्य र अंचल सभाका सभापति, उप-सभापति संम्झनु पर्छ।

३] नियमहरूको पालनाः—

१) प्रत्येक सदस्यले यी नियमहरूको पालना गर्नु पर्छ।

२) कुनै सदस्यले यी नियमहरूमा लेखिएको कुनै कुराको प्रतिकूल आचरण गरेमा निजले आफ्नो पद अनुसार आचरण नगरेका मानिनेछ।

४] पंचायत प्रणालीको मूलभूत सिद्धान्तको बिपरित काम गर्न नहुनेः—

कुनै सदस्यले नेपालको संविधानमा उल्लेखित पंचायत प्रणालीका मूलभूत सिद्धान्तहरूको विपरित कुनै किसिमको आचरण गर्नु गराउनु बा गर्न प्रोत्साहन गर्नु हुदैन।

५] पंचायत र वर्गीय संगठनको सामन्जस्यको प्रतिकूल आचरण गर्न नहुनेः—

कुनै सदस्यले दल विहिन प्रजातान्त्रिक पंचायती व्यवस्थालाई सुदृढ बनाउने तथा पंचायत वर्गीय र व्यवसायिक संगठनहरूलाई सक्रिय गराउने र तिनीहरूको बीच

बढी समन्वय स्थापित हुने कार्यको प्रतिकूल कुनै आचरण गर्न हुँदैन।

६] सार्वजनिक वा सरकारी सम्पतिको दुरुपयोग गर्न नहुने:-

कुनै सदस्यले जानी जानी खराव नियतले सार्वजनिक वा सरकारी सम्पतीको दुरूपयोग गर्न वा निजी कामको लागी उपयोग गर्न हुँदैन।

७] अनुचित लाभ उठाउन नहुने:-

कुनै सदस्यले आफ्नो पदको प्रभाव देखाई वा अन्य कुनै प्रकारको प्रलोभन दिई व्यक्तिगत अनुचित लाभ उठाउने काम गर्न हुँदैन।

८] पंचायत व्यवस्थाको प्रतिकूल भएमा विरोध गर्नु पर्ने:—

प्रत्येक सदस्यले आफु उपस्थित भएको ठाउँमा पंचायत व्यबस्थाको प्रतिकूल हुने काम कुरा भएमा त्यसको विरोध गर्न पर्दछ वा त्यसलाई बहिष्कार गर्नु पर्छ।

९] पंचायतको प्रतिष्ठामा धक्का पुग्ने आचरण गर्न नहुने:-

कुनै सदस्यले पंचायतको प्रतिष्ठामा धक्का पुग्न सक्ने अथवा पञ्चायत व्यबस्थाप्रति श्रद्धा घट्ने किसिमको कुनै आचरण गर्नु हुदैन।

## १०] गुटवन्दी गर्न नहुने:-

कुनै सदस्यले व्यवस्थाको प्रगतीमा वाधा उत्पन्न हु गरी कुनै किसिमको आपसि गुटवन्दीमा वा गतिविधि ग था गराउनु हुदैन।

## ११] "गाउँफर्क" अन्तरगत गर्नु पर्ने काम अनिवा रुपले गर्नु पर्ने:-

गाउँफर्क कार्यक्रम अन्तरगत अनिवार्य रूपले गर्नु प भनि तोकिएको काम प्रत्येक सदस्यले गर्नु पर्दछ।

## १२] [ पहिलो संशोधन २०३० ] आचरण सम्बन्ध नियम पालन नगरेकोमा निर्णय गर्ने:-

१) कुनै सदस्यले यी नियमहरू बमोजिम आफ्नो प अनुसारको आचरण गर्नु पर्नेमा गरेको छैन भनी देहाएक सदस्यहरूको सम्बन्धमा देहायका समितिले ठहराएम सो सदस्यलाई सम्बन्धित समितिले २ दुई बर्षसम्म पंचायत वर्गिय एवं व्यवसायिक संगठनका कुनै प निकायमा चुनाव लड्न नपाउने गरी सो पदबाट निस्काशि गर्न सक्ने छन्। तर अञ्चल अभियान समितिले निष्काशि गर्दा ठहर र कारवाई मिसिल समेत गाउँ फर्क अभिया केन्द्रीय समितिमा पठाउनु पर्छ र केन्द्रीय समितिले प सम्वन्धित सदस्यलाई समेत बुझी आवश्यक भए थ

जाँच बुझ समेत गरी अञ्चल अभियान समितिले निस्काशन गरेको समर्थन भएमा मात्र निस्काशन गरेको मानिनेछ र निस्काशित हुने सदस्यको स्थान रिक्त हुनेछ।

(क) गाउँ पञ्चायत तथा नगर पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च सदस्यहरू एवं जिल्ला पञ्चायतका सभापति उप-सभापति र सदस्यको हकमा अञ्चल अभियान समिति।

(ख) अञ्चल सभाका सभापति, उप-सभापतिको हकमा गाउँ-फर्क राष्ट्रिय अभियान केन्द्रीय कार्य समिति।

(२) उप-नियम (१) बमोजिम समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ।

# गाउँ फर्क राष्ट्रिय अभियान, केन्द्रीय तथा अंचल समितिका सदस्यहरूको आचरण सम्बन्धी नियमहरू, २०३१

श्री ५ महाराजाधिराजबाट देहाय बमोजिम गाउँ—फर्क राष्ट्रिय अभियान केन्द्रीय तथा अंचल अभियान समितिका सदस्यहरूको आचरण सम्बन्धी नियमहरू बनाई बक्सेकोछ ।

१. *संक्षिप्त नाम र प्रारम्भः—*

(१) यी नियमहरूको नाम "गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय तथा अंचल समितिका सदस्यहरूको आचरण सम्बन्धी नियमहरू, २०३१" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. *परिभाषाः—*

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा —

(क) "सदस्य" भन्नाले गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय तथा अंचल समितिका मनोनीत सदस्यहरूलाइ मात्र संझनु पर्छ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा ३८(२) अनुसारको आयोग सम्झनु पर्छ ।

३. *आचरण संहिताको पालनाः—*

(१) प्रत्येक सदस्यले यी नियमहरूको पालना गर्नु पर्छ ।

(२) कुनै सदस्यले यी नियमहरूमा लेखिएको कुनै कुराको प्रतिकूल आचरण गरेमा निजले आफ्नो पद अनुसारको आचरण नगरेको मानिनेछ ।

४. *पंचायत व्यवस्थाको आधारभूत सिद्धान्तको विपरीत काम गर्न नहुनेः—*

कुनै सदस्यले पंचायत व्यवस्थाका आधारभूत सिद्धान्तहरूका विपरीत कुनै किसिमको आचरण गर्न गराउनु वा गर्न दुरुत्साहन गर्न हुँदैन ।

५. *पंचायत र वर्गीय संगठनको समन्वयको प्रतिकूल आचरण गर्न नहुनेः—*

कुनै सदस्यले दलविहीन प्रजातान्त्रिक पंचायती व्यवस्थालाई सुदृढ बनाउने तथा पंचायत, वर्गीय र व्यावसायिक संगठनहरूलाई सक्रिय गराउने र

तिनीहरूका बीच वढी समन्वय स्थापित हुने कार्यको प्रतिकूल कुनै आचरण गर्न हुँदैन।

६. *सार्वजनिक वा सरकारी सम्पतिको दुरूपयोग गर्न नहुने:—*

कुनै सदस्यले सार्वजनिक वा सरकारी सम्पत्तिको दुरूपयोग गर्न वा निजी कामको लागि उपयोग गर्न हुंदैन।

७. *अनुचित लाभ उठाउन नहुने:—*

कुनै सदस्यले आफ्नो पदको प्रभाव देखाई वा अन्य प्रकारको प्रलोभन दिई व्यक्तिगत अनुचित लाभ उठाउने काम गर्नु हुंदैन।

८. *पंचायत व्यवस्थाको प्रतिकूल भएमा विरोध गर्नु पर्नेः—*

प्रत्येक सदस्यले आफू उपस्थित भएको ठाउँमा पंचायत व्यबस्थाको प्रतिकूल हुने काम कुरा भएमा त्यसको बिरोध गर्नु पर्छ वा त्यसलाई वहिष्कार गर्नुपर्छ।

९. *पंचायतको प्रतिष्ठामा धक्का पुग्ने आचरण गर्न नहुने:—*

कुनै सदस्यले पंचायतको प्रतिष्ठामा धक्का पुग्न सक्ने अथवा पंचायत व्यवस्था प्रति श्रद्धा घट्ने किसिमको कुनै आचरण गर्न हुँदैन।

१०. *गुटवन्दी गर्न नहुने:—*

कुनै सदस्यले व्यवस्थाको प्रगतिमा वाधा उत्पत्ति हुने

गरी कुनै किसिमको आपसी गुटबन्दी वा गतिविधि गर्न वा गराउन हुँदैन ।

११. *"गाउँ फर्क" अन्तरगत गर्नु पर्ने काम अनिवार्य रूपले गर्नु पर्नेः–*

गाउं फर्क राष्ट्रिय अभियान कार्यक्रम अन्तरगत अनिवार्य रूपले गर्नु पर्ने भनि तोकिएको काम प्रत्येक सदस्यले गर्नु पर्छ ।

१२. *निष्पक्ष भई काम गर्नु पर्नेः—*

गाउं फर्क राष्ट्रिय अभियान नियमावलीमा आफुलाई तोकिएको काम निष्पक्ष भई गर्नु पर्छ ।

१३. *कामको गोपनीयता कायम राख्नु पर्नेः—*

कार्यकर्ताहरुको मूल्यांकन सम्बन्धी कुराको गोपनीयता कायम राख्नु पर्छ ।

१४. *आचरण सम्बन्धी नियम पालन नगरेकोमा निर्णय गर्नेः–*

(१) यो नियम बमोजिमको उजूरी राष्ट्रिय पंचायतका सदस्यहरूको उजूरी हेर्ने आयोगले हेर्नेछ ।

(२) कुनै सदस्यले यो नियम बमोजिम आफ्नो पद अनुसारको आचरण गर्नु पर्नेमा गरेको छैन भन्ने लागेमा उजूर गर्ने व्यक्तिले थाहा भएसम्मको कुरा खुलाई त्यस्तो उजूरी आयोगमा पेश गर्न राजसभा सचिवालयमा दिनु पर्छ ।

(३) उप-नियम (१) बमोजिम उजूरी परेपछि राजसभाको सचिवले वास्तविक तथ्य संकलन गरी आयोगमा पेश गर्नेछ ।

(४) यस्तो उजुरी हेर्दा आयोगले राष्ट्रिय पंचायतका सदस्यहरूको आचरण सम्बन्धी उजुरी हेर्दा अपनाइने कार्यविधि अपनाउनेछ । तर यी नियमहरू अन्तरगतको उजुरी हेर्दा राजसभाको सचिवले आयोगको सचिव भई काम गर्नेछ र आयोगको बैठक साधारणतया राजसभा सचिवालयमा बस्नेछ ।

(५) यो नियमानुसार कारवाई भई आफुलाई तोकिएको आचरण नगरेको ठहरेमा सो सदस्यलाई दुई वर्षसम्म पंचायत, वर्गीय एवम् व्यावसायिक संगठनको कुनै पनि निकायको चुनाव लड्न नपाउने गरी सो पदबाट निष्काशित गर्न सकिनेछ र त्यस्तो निष्काशित व्यक्तिलाई उक्त अवधि भित्र सरकारी, अर्ध सरकारी सेवाको लागि समेत अयोग्य मानिनेछ । त्यसरी निष्काशित भएपछि निजको स्थान स्वतः रिक्त हुनेछ ।

आनन्द-प्रेस, डिल्लीबजार ★ फो. नं. ११६२५